# श्री शान्ति सामुदायिक वन उपभोक्ता समूह

नरैनापुर गा.पा.-२, बाँके

## काठ दाउरा लिलाम बढाबढ सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८३/०६/०६ गते

यस सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गरेको वन क्षेत्रमा समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. ५०९२ मिति २०८३/०३/१६ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, धौटी, दबदबे र मौवा लगायतका गोलिया थान २४७ को २१३५.१० क्यूफिट काठ, साल र अन्य जातको दाउरा २५.५० चट्टा लिलाम गर्नुपर्ने भएकाले काठ दाउरामा आधारित सूचीकृत भएका काष्ठ व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले १५औं दिनभित्र खरिद गरी १६औं दिन शिलबन्दी बोलपत्र दाखिला गर्नुहुन आह्वान गरिन्छ। विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।